महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# महिला तथा बालबालिका विभाग

(नीति, योजना तथा कार्यक्रम शाखा)

फ्याक्स : ५५२१२१४
E-Mail : dwd1@wlink.com.np
dwcplanning@live.com
Web Site : www.dwd.gov.np
ललितपुर ।


पत्र संख्या :- ०७४/७५
चलानी नं.:- १२२

मितिः २०७४/४/३१

श्री महिला तथा बालबालिका कार्यालय

६५ जिल्ला

**विषयः <u>आ.व. २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम तथा मार्गदर्शन पठाइएको सम्बन्धमा</u> ।**

उपरोक्त सम्बन्धमा चालु आ.व.को बजेट कार्यान्वयन मार्गदर्शन सम्बन्धमा अर्थ मन्त्रालयको च.नं. १०९६, मिति २०७४/२/१६ को पत्रको बुँदा नं १ बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणाली (Line MInistry Budgetary Information System) मा समावेश भएको चौमासिक विभाजन सहितको कार्यक्रम नै स्वीकृत भएको मानी कार्यन्यवनमा लैजाने उल्लेख भएअनुसार र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको च.नं. १७, मिति २०७४/४/२५ को आ.व. २०७४/७५ को बजेट कार्यान्वयन सम्बन्धी पत्रानुसार चालु आ.व. २०७४/७५ का लागि स्वीकृत महिला विकास कार्यक्रम, जिल्लास्तर (महिला जागृति कार्यक्रम समेत) बजेट उपशीर्षक नं. ३४०८०२३ र ३४०८०२४ यसैसाथ संलग्न राखी पठाइएको छ । यसै पत्रसाथ संलग्न अर्थ मन्त्रालयको बजेट कार्यन्वयन सम्बन्धी मार्गदर्शन पत्रमा उल्लिखित बुँदाहरुका साथै तपसिलमा उल्लेखित थप बुँदाहरु समेतको अधीनमा रही महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शन बमोजिम कार्यन्वयन गरी नियमित रुपमा तोकिएको ढाँचामा प्रगति प्रतिवेदन पठाउनुहुन निर्देशानुसार अनुरोध छ ।

<u>तपसिल :</u>

**आ.व.०७४/७५ को वार्षिक कार्यक्रम कार्यान्वयनका लागि थप बुँदाहरु**

९. कार्यक्रम कार्यान्वयन अर्थ मन्त्रालयको कार्यक्रम कार्यान्वयन मार्गदर्शन, महिला विकास कार्यक्रम सञ्चालन मार्गदशर्न वमोजिम गर्ने ।
१०. स्विकृत कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय तहमा जानकारी तथा समन्वय गरी सञ्चालन गर्ने ।
११. गाँउस्तरमा गएर सञ्चालन गरिने कार्यक्रम भएमा कार्यलयवाट स्थानीय तहमा खटिएका कर्मचारीहरुवाट गराउने व्यबस्था गर्ने ।
१२. कार्यक्रम कार्यान्वयनको लागि कार्ययोजना बनाई ( जिम्मेवार व्यक्ति, समय तालिका तथा सम्पर्क नम्वर सहित राखी) कार्यलयको सूचना पाटीमा राख्ने ।
१३. कार्यक्रम तोकिएको समय भित्र नै सम्पन्न गर्ने ।
१४. कार्यक्रमको मासिक, चौमासिक, तथा वीर्षक प्रतिवेदन तोकिएको ढाँचामा, तोकिएको समयमा नै पेश गर्ने ।
१५. कार्यक्रम सम्पन्न गर्न नसकिने भएमा त्यसको जानकारी समयमा नै विभागमा गराउने ।
१६. जिल्लास्तरमा सञ्चालन गरिने समन्वय समितिको बैठकहरु परिवर्तित सन्दर्भ अनुसार सञ्चालन गर्न पहल गर्ने ।

विमला काफ्ले वाग्ले
शाखा अधिकृत

**नोटः स्वीकृत कार्यक्रमहरु कार्यन्वयन गर्दा सम्बन्धित जिल्ला तथा स्थानीय तहसँग समन्वय गरी गर्नुहुन साथै चौमासिक विभाजन अनुसार खर्च गर्न समेत जानकारी गराइएको छ ।**

<u>बोधार्थः</u>
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
६५ जिल्ला

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:- २०७४/७५ मार्गदर्शन
च. नं.:- १०९६

मिति: २०७४।०२।१६

विषय: आर्थिक वर्ष २०७४/७५ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुका लागि संघीय संचित कोषबाट विभिन्न निकायले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि संवैधानिक प्रावधान अनुरुप २०७४ जेष्ठ १५ गते व्यवस्थापिका संसदमा विनियोजन विधेयक पेश भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त विधेयक पारित भई ऐन प्रारम्भ भएको मितिदेखि सहकारीज्यू अन्तर्गतका निकायहरुको लागि छुट्याइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने गराउने समेतको जिम्मेवारी तहाँबाट हुने नै छ। बजेट कार्यान्वयनमा शीघ्रता ल्याइ पूँजीगत खर्चमा बृद्धि गर्न एवं अन्तर सरकारी वित्त व्यवस्थापनलाई सम्वोधन गर्न प्रस्तावित विनियोजन विधेयकमा केही नयाँ प्रावधानहरु राखिएका छन्। विनियोजन विधेयक, २०७४ पारित भई ऐन प्रारम्भ भएपछि ती प्रावधान अनुरुप बजेट कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधानहरु सहितको मार्गदर्शन यहाँको जानकारी तथा कार्यान्वयनको लागि पठाएको छु। विधेयकका यी प्रावधानहरु र प्रेषित मार्गदर्शनहरुबाट बजेट कार्यान्वयन सहज भई आगामी आर्थिक वर्षको लागि प्रक्षेपित लक्ष्य पुरा हुनेछ भन्ने विश्वास गरेको छु।

आगामी आर्थिक वर्षको शुरुमै बजेट कार्यान्वयनमा लैजाने र लक्ष्य अनुरुप भौतिक तथा वित्तीय प्रगति हासिल गर्ने सोच अनुरुप जेठ १५ मै व्यवस्थापिका संसदमा बजेट प्रस्तुत भएको हुँदा सहकारीज्यू मातहतका निकायमा नयाँ आर्थिक वर्ष २०७४/०७५ प्रारम्भ हुनुपूर्व नै बजेट कार्यान्वयनका प्रारम्भिक चरणहरुको कार्य (वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्तिको सूचना प्रकाशन, प्रोजेक्ट अफिस स्थापना, दरवन्दी सृजना, जनशक्ति व्यवस्थापन, टेण्डर डकुमेन्टको तयारी, मानव संशासन विकास, ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा/संशोधन/परिमार्जन आदि) लगायतका कार्य यसै आर्थिक वर्षमा सम्पन्न हुनेछन् भन्ने कुरामा समेत म विश्वस्त छु।

आर्थिक वर्ष २०७४/७५ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध गर्दछु:

(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँड

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budgetary Information System- LMBIS) मा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत भएको मानी कार्यान्वयनमा लैजानु हुनेछ। चौमासिक विभाजन सहितको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।

२. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry budgetary Information System- LMBIS) मा

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१९, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ तर निर्धारित लक्ष्यमा प्रतिकूल असर नपर्ने गरी कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा चैत्र मसान्तभित्र संशोधन गरी सोको जानकारी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई दिनुपर्नेछ। चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकारीले कार्यक्रम संशोधन गर्न सक्नेछ।

३. खर्च गर्ने इकाई (Spending Unit) को लागि तोकिएको विनियोजित बजेट खर्च गर्ने अधिकार विनियोजन विधेयक, २०७४ बमोजिम अधिकार प्राप्त अधिकारीलाई प्राप्त हुनेनै छ। कुनै निकायमा एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएको वा अवण्डामा रकम राखिएको भए विनियोजन विधेयक प्रमाणिकरण भएको मितिले पन्ध्र (१५) दिनभित्र सम्पूर्ण रकम खर्च गर्ने निकायहरूलाई बाँडफाँड गरी सो को जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुहुनेछ। १५ दिनभित्र रकम बाँडफाँड नगरेमा त्यस्तो रकम यस मन्त्रालयबाट सम्बन्धित निकायहरूलाई सोझै बाँडफाँड गरिनेछ। बाँडफाँड कार्यको थालनी तत्काल गर्न सक्नुहुनेछ।

४. नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकारको सूची भित्रको विषयमा तहाँबाट कार्यान्वयन गर्ने गरी गाँउपालिकाभित्रको रु. ५० लाखसम्म, नगरपालिकाभित्र रु. १ करोडसम्म र उप-महानगरपालिका वा महानगरपालिकाभित्रको रु. २ करोडसम्म बजेट विनियोजन भएका आयोजनाहरु सम्बन्धित गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका वा महानगरपालिकाले कार्यान्वयन गर्ने गरी ३० दिन भित्र हस्तान्तरण गर्नुहुनेछ। सोको लागि आवश्यक प्राविधिक सहयोग समेत उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

५. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु गराउनु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि अर्थ मन्त्रालयबाट थप बजेट निकासा गरिने छैन।

६. चालु अनुदान अन्तर्गत विनियोजित रकमको बाँडफाँड गर्दा तलब, महँगी भत्ता, स्थानीय भत्ता, फिल्ड भत्ता, पोशाक भत्ता, भाडा, पानी बिजुली, सञ्चार महसुलजस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य कार्यका लागि बाँडफाँड गर्नु हुनेछ।

७. सशर्त अनुदानमा राखिएको रकम स्वीकृत कार्यक्रमका आधारमा मात्र खर्च लेख्नु पर्नेछ।

८. खर्च शीर्षक नं. २२९११ (भैपरी आउने- चालु खर्च) र २९८११ (भैपरी आउने- पूँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँड स्वीकृत गराएर मात्र खर्च लेख्नु हुनेछ। फागुन मसान्तभित्र यो शीर्षकको रकम बाँडफाँड नगराएमा अर्थ मन्त्रालयले खर्च आवश्यक पर्ने कुनै पनि निकायको शीर्षकमा सिधै रकमान्तर गर्न सक्नेछ। त्यसैगरी २०७४ फागुन मसान्तसम्म काम शुरु नभएका कार्यक्रमहरूको सम्पूर्ण बजेट २०७४ चैत १ गतेभित्र अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ।

९. प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा बाहेक दोस्रो चौमासिक अवधिसम्म कुनैपनि प्रकारका थप निकासा/ रकमान्तर मागलाई अर्थ मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही साधारण प्रशासनतर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रम तर्फपनि बजेट सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गराउनुहुनेछ।

१०. मन्त्रालयमा उपलब्ध कार्यक्रमहरूमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन। आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ आयोजना/कार्यक्रम थप गर्न पाइने छैन।

११. आयोजनाको लागत अनुमानभित्र र परामर्श सेवाभित्र सवारी साधन खरिद र वैदेशिक भ्रमण समावेश गर्नु हुने छैन। परामर्श र सार्वजनिक निर्माणमा विनियोजित बजेटबाट वैदेशिक भ्रमण तथा सवारी साधन खरिद गर्न पाइने छैन।

(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

१२. आयोजनाको तयारीका चरणहरू पूरा गरी आयोजना/कार्यक्रमको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी साउन मसान्तभित्र स्वीकृत गरी बोलपत्र आव्हान समेत गरी सक्नु हुनेछ। असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्नु हुनेछ। ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कार्यादेश दिने व्यवस्था मिलाउनु हुनेछ।

१३. तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य शुरु नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरूप काम नगर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम कारवाही गरी निर्माण व्यावसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१४. निर्माण व्यावसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यहरूका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रुपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नुहुनेछ। राष्ट्रिय सतर्कता केन्द्रबाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनुहुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यावसायीलाई परिणाम (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ।

१५. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावलीहरू तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गर्नुहुनेछ। नयाँ कार्यक्रम/आयोजना कार्यान्वयनका लागि साउन मसान्तभित्र आयोजना कार्यालयहरू स्थापना गर्नुहुनेछ। कार्यक्रम/आयोजनाहरू सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दीहरू साउन मसान्तभित्र स्वीकृत गराई सक्नु पर्नेछ।

१६. स्वीकृत संगठन संरचना र दरवन्दी अनुरुप आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरू र आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनुहुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनुहुनेछ। यसैगरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धी, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालीम प्रदान गर्नुहुनेछ।

१७. कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरुपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु पर्नेछ। कार्यसम्पादनस्तर मापनका आधारमा निश्चित अङ्कभन्दा बढी अङ्क प्राप्त गरेमा निजामती सेवा ऐन, २०४९ अनुसार पुरस्कृत गर्नु हुनेछ।

१८. आयोजना/कार्यक्रमको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ। पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ।

१९. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानुनमा तोकिएको न्यूनतम समयसीमाभित्र सम्पन्न गर्नुहुनेछ।

२०. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत रोक्का रहनेछ। तर Retroactive Financing को हकमा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको सहमतिमा भुक्तानी दिन सकिनेछ।

२१. आयोजना/कार्यक्रम विशेषका लागि सम्झौता भई प्राप्त हुने वैदेशिक सहयोग बाहेक अन्य ऋण तथा अनुदानको भुक्तानी दिनु पूर्व महालेखा नियन्त्रक कार्यालय मार्फत यस मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको स्वीकृति लिनु हुनेछ। वैदेशिक स्रोततर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ। कुनै कारणले भुक्तानी विधि फरक परेकोमा २०७४ भदौ मसान्तभित्र परिमार्जन गर्न लेखी पठाउनु हुनेछ।

२२. आर्थिक वर्ष २०७३/७४ सम्म बहुवर्षीय ठेक्कामा गएका आयोजना/कार्यक्रमका लागि विनियोजित बजेटबाटै आवश्यक रकम छुट्याई कार्यान्वयन गर्नु गराउनु हुनेछ। बहुवर्षीय ठेक्का सम्झौताबाट सिर्जित दायित्वको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँड गर्नुहुनेछ।

२३. त्रिवर्षीय खर्च अनुमानको सीमाभित्र रही राष्ट्रिय गौरवका आयोजना र प्रथम प्राथमिकता प्राप्त आयोजनाहरूको बहुवर्षीय ठेक्का लगाउन सकिनेछ। यस्तो ठेक्का सम्झौता भएपछि सोको जानकारी अर्थ मन्त्रालयलाई दिनु पर्नेछ। त्रिवर्षीय खर्च अनुमानको सीमाभन्दा बढी रकमको ठेक्का लगाएमा अर्थ मन्त्रालयले स्रोत उपलब्ध गराउने छैन।

२४. राष्ट्रिय गौरवका आयोजना र पहिलो प्राथमिकता प्राप्त आयोजनाहरू (P1) मा बचत हुने रकम राष्ट्रिय गौरवका आयोजनालाई छुट्टयाई सकेपछि बाँकी हुन गएमा मात्र पहिलो प्राथमिकता प्राप्त आयोजनाहरूको लागि छुट्टयाउने व्यवस्था मिलाउनुहुनेछ।

२५. बजेटको प्रभावकारी कार्यान्वयनको लागि समयसीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। अर्थ मन्त्रालयले बजेट कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गरी कम प्रगति देखिएका आयोजनाहरूको लागि विनियोजित बजेट विनियोजन ऐनको परिधिभित्र रही राम्रो प्रगति भएका अरू आयोजनातर्फ आवश्यकता अनुसार रकमान्तर गर्न सक्नेछ।

२६. शोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गर्न लगाउनुहुनेछ। प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गर्न लगाउनुहुनेछ। निर्धारित समयभित्र शोधभर्ना प्रक्रिया शुरु नगरेमा अर्को चौमासिकको निकासा रोक्का गरिनेछ। समयमै शोधभर्ना माग नगर्ने आयोजना प्रमुख र लेखा प्रमुखलाई कानुन बमोजिम कारबाही गर्नु गराउनु हुनेछ।

२७. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार मालसामान तथा बस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ। कार्य सम्पन्न भएपछि कामको भेरिफिकेसन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गर्न लगाउनुहुनेछ। बिल पेश भएको मितिले १५ दिनभित्र बिल स्वीकृत गरी भुक्तानीको व्यवस्था मिलाउनुहुनेछ।

(ग) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

२८. पुँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

२९. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

३०. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडामा आगामी बर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु हुनेछ। यी खर्च शीर्षकहरूबाट अर्थ मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नुपर्नेछ।

३१. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१२ बाट मात्र खर्च लेख्नुहुनेछ।

३२. वैदेशिक भत्ता, पारिवारिक भत्ता लगायतका विभिन्न प्रकारका भत्ताहरुको भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको आयकर कट्टी गर्ने व्यवस्था मिलाउनुहुनेछ।

३३. सोझै भुक्तानी र वस्तुगत सहायता अन्तर्गत भएको खर्चको प्रतिवेदन प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र महालेखा नियन्त्रक कार्यालयबाट निर्धारित ढाँचामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनिवार्य रूपमा बुझाउनु पर्नेछ। यस्तो प्रतिवेदन समयमै नबुझाएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले अन्य निकासा रोक्का गर्न सक्नेछ।

३४. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकका लागि मात्र अर्थ मन्त्रालयको सहमतिमा भाग लिन जान पाइनेछ। विनियोजित बजेटबाट वैदेशिक तालिम, अध्ययन, अवलोकन भ्रमणमा जानुपूर्व अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको सहमति लिनुपर्नेछ।

(घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुशासन सम्बन्धी व्यवस्था

३५. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारी सहितको विस्तृत आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) भाद्र १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइट मार्फत् सार्वजनिक गर्नुहुनेछ।

३६. निर्माण कार्य स्थलमा सो काम सँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ। रू. १० लाख भन्दा बढीको लागत अनुमान भएमा निर्माणसँग सम्बन्धित ठेक्कामा अनिवार्य रूपले सो बमोजिम गर्ने गरी बोलपत्रको कागजातमा शर्तको रूपमा समावेश हुने व्यवस्था मिलाउनु हुनेछ

३७. सरकारी कार्यालयहरू र अनुदान जाने निकायहरूको आम्दानी खर्चको विवरण मासिक रूपमा प्रकाशन गर्ने ब्यवस्था मिलाउनु हुनेछ।

३८. राष्ट्रिय गौरवका र प्राथमिकता प्राप्त आयोजना/कार्यक्रमहरुको कार्यान्वयनको प्रगति समीक्षा माननीय अर्थमन्त्रीको अध्यक्षतामा प्रत्येक दुई महिनामा गरिने छ। यस्ता आयोजनाहरुको वित्तीय र भौतिक प्रगति विवरण प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

३९. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

४०. सरकारी खर्चको दायित्व एकिन गर्नको लागि प्रतिवद्धता अभिलेख राख्ने व्यवस्थालाई निरन्तरता दिई अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन गर्ने व्यवस्था गर्नुहुनेछ। यस सम्बन्धी अन्य व्यवस्था महालेखा नियन्त्रक कार्यालयले मिलाउनेछ।

४१. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (पान) लिनु पर्ने व्यक्ति, फर्म वा संस्थालाई रु. ५०००।- भन्दा बढी भुक्तानी गर्दा अनिवार्य रुपमा पान नं. उल्लेख गरी भुक्तानी गर्ने र यस्तो पान नं. को जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु हुनेछ। तर तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यक्रम संचालन गर्नको लागि लिइने पेश्कीहरुको भुक्तानीमा भने स्थायी लेखा नं. (पान) आवश्यक पर्ने छैन।

४२. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, सेवा करार समेतको सबै प्रकारका भुक्तानीहरू बैंक खाता मार्फत भुक्तानी गर्ने सम्बन्धी एकल खाता कोष प्रणाली संचालन निर्देशिका २०७२ को बुँदा ९.१.१९ को व्यवस्था अनिवार्य कार्यान्वयन गर्नु गराउनु हुनेछ। आर्थिक वर्ष २०७४/७५ देखि कुनै पनि कारोबार बैंक खातामार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४३. औषधि उपचार, उपदान, संचित विदाको रकम भुक्तानी गर्दा जतिसुकै रकम भएपनि AC/Payee चेकमार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली बैंक खातामा जम्मा गरी भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ।

४५. यस मार्गदर्शनमा लेखिएका विषयहरु आर्थिक वर्ष २०७४/७५ साउन १ गतेबाट कार्यान्वयनमा जाने भएतापनि बजेट कार्यान्वयनमा जानुभन्दा अगाडि गर्नुपर्ने प्रशासनिक, प्राविधिक एवं अन्य कानूनी प्रक्रियाहरु एवं आयोजना कार्यान्वयन पूर्वका चरणहरु असार मसान्तभित्रै सम्पन्न गर्नु हुनेछ।

आर्थिक वर्ष २०७४/७५ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: www.mof.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

श्रीमान् सचिवज्यू,
सबै मन्त्रालय/निकाय/आयोग

(डा. शान्तराज सुवेदी)
सचिव

संलग्नः

क) आ.व. २०७४/७५ को बजेट वक्तव्य - २ प्रति
ख) आ.व. २०७४ /७५ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - २ प्रति

बोधार्थः

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री अर्थ मन्त्रालय, सबै महाशाखाहरू।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।